**दक्षिणकाली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल**

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी संशोधित सूचना**

विज्ञापन नं. ०३/०७४।०७५ प्रकाशित मिति : २०७४/११/१८ गते, शुक्रबार ।

यस दक्षिणकाली नगरपालिका अन्तर्गतको चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्र, चाल्नाखेलमा रही कार्य गर्नको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही अ.न.मी. सेवा करारमा लिनु पर्ने भएकोले ईच्छुक उम्मेदवारहरुले यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि थप ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

१ आवेदन दिने अन्तिम मिति : यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र सो सार्वजनिक बिदा पर्न गएमा अन्तिम दिनको भोलिपल्ट कार्यालय समय भित्र ।

२ शैक्षिक योग्यता : अ.न.मी. चौथो तह पदको लागि चाहिने न्यूनतम योग्यता वा सो सरह र Skilled Birth Attendant तालिम प्राप्त ।

३ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदन सहित व्यक्तिगत विवरण नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी शैक्षिक योग्यताको प्रमाण-पत्रहरुको प्रतिलिपीहरु सम्बन्धित काउन्सिलमा दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

४ आवश्यक संख्या : १ जना ।

**५ उमेरको हद : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।**

६ आवेदन शुल्क : रू. ३००।-(अक्षरुपी तीन सय रूपैयाँ) मात्र लाग्नेछ ।

७ उम्मेदवार छनौटका आधारहरु : मौखिक परीक्षा, शैक्षिक योग्यता, अनुभव र स्थानीयता ।

८ तलव स्केल : प्रचलित कानुन बमोजिम ।

९ करार अवधि : २०७५ असार मसान्तसम्म ।

१० रितपूर्वक प्राप्त नभएको र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

११ सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु दक्षिणकाली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२ आवेदन दिने तरिका : बुँदा नं. ३ मा उल्लेख भएका कागजातहरु एवं बुँदा नं. ६ मा तोकिएको शुल्क दक्षिणकाली नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंकको च.हि.नं. १७००३०४०१८१०४ मा रकम जम्मा गरि सक्कल बैंक भौचर संलग्न राखी दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा आई आवेदन दिनुपर्नेछ ।

१३ अन्तरवार्ताको मिति र समय सम्बन्धि विवरण दरखास्त बुझाउने अन्तिम दिनको ५ बजे पछाडी नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np मा राखिनेछ ।

१४ दरखास्त फारम यस नगरपालिका कार्यालयबाट र नगरपालिकाको वेवसाईट info@dakshinkalimun.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।

१५ थप जानकारीको लागि दक्षिणकाली नगरपालिकाको फोन नं. ०१-४७१००२८ मा वा कार्यालय समयमा नगरपालिकामा सम्पर्क गर्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत
दक्षिणकाली नगरपालिका